# विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७०

नेपाल सरकार

## शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौँ

२०७०

# विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७०

विद्यालय क्षेत्र सुधार योजनाको अवधारणा बमोजिम कक्षा १ देखि कक्षा १२ सम्मको शिक्षालाई पुनर्संरचना गरी विद्यालय शिक्षाको एकीकृत रूप निर्माण गर्ने र नक्सांकनका आधारमा दुई वा दुईभन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि शिक्षा नियमावली, २०५९ को नियम १९२ङ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० रहेको छ ।

(२) यो निर्देशिका सम्पूर्ण सामुदायिक विद्यालयको हकमा लागू हुनेछ ।

### २. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः,

(क) **"मन्त्रालय"** भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ख) **"विभाग"** भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

(ग) **"विद्यालय क्षेत्र सुधार योजना"** भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा सन् २००९ देखि सन् २०१५ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(घ) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्दछ ।

(ङ) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनु पर्दछ ।

(च) **"विद्यालय समायोजन"** भन्नाल ऐनको दफा १५ र नियमावलीको नियम १२क. अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउदछ ।

## परिच्छेद-२

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

### ३. विद्यालय समायोजन गर्ने कार्यविधिः

१. शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार नेपाल सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न सक्ने छ ।

२. शिक्षा नियमावली, २०५९ अनुसार आधारभूत तहको हकमा सम्बन्धित जिल्लाको जिल्ला शिक्षा अधिकारी र माध्यमिक विद्यालयको हकमा सम्बन्धित निर्देशक यस प्रयोजनका लागि तोकिएका अधिकारी हुनेछन् ।

३. यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङ्ख्यालाई सेवा पुर्याएका तर प्रारम्भिक

विद्यालय (कक्षा १-३), प्राथमिक विद्यालय (कक्षा १-५), आधारभूत विद्यालय (कक्षा १-८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

४. तत्काल समायोजन गर्नुपर्ने देखिएमा विगतमा निम्नमाध्यमिक तह (कक्षा ६-८) सञ्चालनमा रहेका र हाल आधारभूत तह (१-८) मा सञ्चालनमा रहेका तथा माध्यमिक तह (कक्षा ९-१०/९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

५. विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यबस्था कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालयले निर्णय प्रकृयामा सरलिकृत गर्नेछ ।

६. मनत्रालयले नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था गरी समयभित्रै सम्बन्धित विद्यालयमा पुऱ्याउनु पर्नेछ ।

७. विद्यालय समायोजनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग जुटाउन मनत्रालयले सम्बन्धित निकायहरू संग समन्वय गर्नेछ ।

८. मन्त्रालय र विभागबाट विद्यालय समायोजनका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ ।

४. **विद्यालय समायोजनका आधारहरू:** (१) दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालयमा कायम गर्दा ऐनको दफा १५ र नियमावलीको नियम १२क. को अतिरिक्त देहायको आधारमा गर्न सकिने छः

(क) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको,

(ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा कम रहेको,

(ग) नजिकमा रहेका दुई वा सोभन्दा बढी विद्यालयहरूमध्ये एउटा वा सबैमा विद्यार्थी सङ्ख्या निम्नानुसार भएको,

| | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६- ८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|
| हिमाल | ३० | ५० | ३० | ३० | ३० |
| पहाड | ४५ | ७५ | ४५ | ४० | ४० |
| उपत्यका/तराई | ६० | १०० | ६० | ५० | ५० |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ।

(च) भौगोलिक रूपले विकटता नभएको अवस्था ।

(छ) दुई वा दूई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्नका लागि सम्वन्धित विद्यालय र स्थानिय निकायको सामुहिक सिफारिसबाट तोकिएको स्थानमा विद्यालय स्थापना हुनेछ ।

(ज) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि जिल्ला शिक्षा समितिको सिफरिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम सम्पत्ति दाखेल खारेज भएको ब्यहोराको जानकारी जिल्ला शिक्षा कार्यालयले मन्त्रालय र शिक्षा विभाग समेतलाई दिनु पर्नेछ ।

**५. <u>विद्यालयको स्तरवृद्धिका लागि हुने समायोजन</u>:** (१) प्रारम्भिक, प्राथमिक र आधारभूत विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवस्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः,

(क) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकाय सँगको सहकार्यमा बहुकक्षा विद्यालय वा पूर्व बाल विकास केन्द्रसहितको वैकल्पिक शिक्षा केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने प्राथमिक विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् । यस्ता विद्यालयलाई नजिकको प्राथमिक विद्यालयको विस्तारित कक्षाको रुपमा सञ्चालनमा रहन पाउने पनि अवसर हुनेछ ।

(ग) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले प्राथमिक विद्यालयका रूपमा सञ्चालन हुन पाउनेछन् र यस्ता विद्यालयले नजिकको आधारभूत विद्यालयको विस्तारित कक्षाको रुपमा रहने अवसर पाउनेछन् ।

(घ) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभुत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

(ङ) कक्षा ११- १२ सम्म अनुमति/स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

**६. <u>समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरण</u>:**

१. समायोजन हुने वा गाभिने दुबै विद्यालयका विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अनुरोध भई आएमा गाभिने विद्यालयको नाम गाभिएको विद्यालयको नामको पछाडि थप गरी नामाकरण गर्न सकिने छ ।

२. दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीइ नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानियता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ,

तर, नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी ब्यवस्था अनुसार कुनै ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नु पर्नेछ ।

३. समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र सम्वन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

४. समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्याालय सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालयले अनुमति दिन सक्नेछ ।

**७. विद्यार्थी सङ्ख्याको आधारमा समायोजनः** (१) कुनै विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा जिल्ला शिक्षा अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्नेछ ।

| भौगोलिक क्षेत्र | विद्यालय तह | | | | |
|---|---|---|---|---|---|
| | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
| हिमाल | १० | २० | २० | २० | २० |
| पहाड | २० | २५ | २५ | २५ | २५ |
| उपत्यका/तराई | ३० | ३५ | ३० | ३० | ३० |

(२) हिमाली क्षेत्रमा उपदफा (१) बमोजिम विद्यार्थीी सङ्ख्या नभएको तर सरोकारवाला समुदायमा व्यवस्थापन जिम्मेवारी लिई सञ्चालनमा रहेका विद्यालय समायोजन गर्दा त्यस्तो समुदायको मन्जुरी लिनु पर्नेछ ।

## परिच्छेद-३

## भौतिक, शैक्षिक व्यबस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**८. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यबस्थापनः**

१. विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि जिल्ला शिक्षा कार्यालयमा भौतिक सुविधा विस्तारको शीर्षकमा गएको अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनु पर्नेछ ।

२. विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

३. विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवस्यक कारबाहीका लागि जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ र जिल्ला शिक्षा कार्यालयले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

४. विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, ब्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयको सिफरिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ ।

## ९. **प्रोत्साहन अनुदान दिइने**:

१. दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि गाभिएका प्रत्येक कक्षाको लागि रु. एक लाखका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइने छ ।

२. दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा समायोजन भइ वा नयाँ स्थानमा विद्यालय स्थापना हुने भएमा कक्षागत प्रोत्साहन अनुदानका अतिरिक्त जिल्लामा जाने नियमित कार्यक्रमबाट विद्यालय भौतिक सुधारको कार्यक्रम समेत प्रदान गरिने छ ।

३. यस दफा बमोजिम उपलब्ध हुने प्रोत्साहन अनुदान विद्यालय क्षेत्र सुधार योजना (परीक्षण) कार्यान्वयन भएपछि गाभिएका विद्यालयका हकमा समेत लागू हुनेछ ।

## १०. **विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यबस्थापन**:

१. विद्यालय समायोजन पछि वा तह घटाइएपछि विद्यालयमा आवश्यकता भन्दाबढी भएका शिक्षकलाई जिल्ला शिक्षा समितिको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

२. गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकताका आधारमा पदस्थापना गरिनेछ ।

३. विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या जिल्ला शिक्षा कार्यालयमा पुलमा रहने छ । त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई जिल्ला भित्र नसाङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा जिल्ला शिक्षा समितिले विद्यालय अनुमति दिन सक्नेछ ।

## परिच्छेद-४

## विद्यालय समायोजन सम्बन्धी मन्त्रालय अन्तर्गत निकायहरूको काम

**११. विभागको कामः**

१. विद्यालय समायोजन सम्बन्धी केन्द्रयस्तरमा कार्यक्रम निर्माण गरी सम्बद्ध निकायहरू बीच समन्वय गर्ने जिम्मेवारी विभागको हुनेछ ।

२. विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने गराउने प्रमुख निकाय विभाग हुनेछ ।

३. विभागले जिल्लाहरूमा विद्यालय समायोजन सम्बन्धी परीक्षण कार्यक्रम सञ्चालन गर्ने गराउने र जिल्लागत विवरण प्राप्त गरी त्यसको केन्द्रीय अभिलेख राख्नु पर्नेछ ।

४. विभागले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

५. विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिन काम विभागले गर्नु पर्नेछ ।

६. विद्यालय समायोजन कार्यक्रम अनुसार कार्य सम्पन्न भएका विद्यालयहरूलाई भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनका लागि प्रोत्साहन अनुदान तथा अन्य सुबिधा उपलब्ध गराउने र उपलब्ध अनुदान तथा सुबिधाको सदुपयोग भए नभएको अनुगमन गर्ने ।

**१२. क्षेत्रीय शिक्षा निर्देशनालयको कामः** (१) विद्यालय समायोजन सम्वन्धी कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गरी कार्यक्रम कार्यान्वयन अवस्थाको अनुगमन गर्ने, गराउने र समीक्षा गरी जिल्लागत प्रतिवेदन मन्त्रालय तथा विभागमा पेश गर्ने काम क्षेत्रीय शिक्षा निर्देशनालयको हुनेछ ।

**१३. जिल्ला शिक्षा समितिको कामः**

१. जिल्ला शिक्षा समितिले विद्यालय समायोजनका लागि जिल्लाको तथ्याङ्क सङ्कलन गरी समायोजन गर्नुपर्ने विद्यालय र तहको अभिलेख अद्यावधिक गरी क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

२. जिल्ला शिक्षा समितिले विद्यालय समायोजन कार्यक्रमहरू कार्यान्वयन गर्न जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयबाट प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३. जिल्ला शिक्षा समितिले समायोजन कार्यक्रमहरू कार्यान्वयन गर्न सरोकारवाला र विद्यालयहरूसँग अन्तरक्रिया र जागरणमूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

४. जिल्ला शिक्षा समितिले कार्यान्वयन अवस्थाको नियमित अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गरी क्षेत्रीय शिक्षा निर्देशनालय मार्फत विभाग र मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ ।

**१४. जिल्ला शिक्षा कार्यालयको कामः**

१. जिल्ला शिक्षा कार्यालयले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरूको तथ्याङ्क सङ्कलन गरी सम्भाव्यता तयारी गर्नु पर्नेछ ।

२. जिल्ला शिक्षा कार्यालयले विद्यालय समायोजन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरी समायोजन भएका विद्यालयहरूको नियमित निरीक्षण, अनुगमन, सुपरिवेक्षण गरी प्रतिवेदन दुरुस्त राख्नु पर्नेछ ।

३. जिल्ला शिक्षा कार्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र शुरु हुनु अगावै विद्यालय समायोजन भएका विद्यालयहरूलाई प्रोत्साहन अनुदान तथा अन्य सुबिधा उपलब्ध गराउन र गाभिने संभावना भएका विद्यालयहरूको विवरण तयार गरी शिक्षा विभागसँग आवश्यक स्रोत माग गर्ने र गाभिएका विद्यालयहरूसँग कार्ययोजना माग गरी अनुदान उपलब्ध गराउन स्रोत व्यवस्थापन गर्नु पर्नेछ ।

४. जिल्ला शिक्षा कार्यालयले उपलब्ध अनुदान तथा सुबिधाको सदुपयोग भए नभएको अनुगमन गरी सदुपयोग नभएको वा हिनामिना भएकोमा कारबाहीका लागि सम्बन्धित निकायमा पठाई त्यसको जानकारी मन्त्रालय र विभागमा पठाउनु पर्नेछ ।

५. जिल्ला शिक्षा कार्यालयले विद्यालय समायोजन सम्बन्धी कार्यक्रमको मूल्याङ्कन गर्ने र प्रतिवेदन तयार गरी सुझाव सहित क्षेत्रीय शिक्षा निर्देशनालय मार्फत शिक्षा विभागमा पठाउनु पर्नेछ ।

## १५. स्रोत केन्द्रको कामः

१. स्रोतकेन्दले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि स्रोतकेन्द्रमा सरोकारवालाहरूको अन्तरक्रिया, भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

२. स्रोतकेन्द्रले विद्यालय व्यवस्थापन समिति, गाउँ तथा नगर शिक्षा समितिलाई विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्रियाशील बनाउने कार्यक्रम सञ्चालन गरी गाउँ तथा नगर शिक्षा समिति मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. स्रोतकेन्द्रले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्थाको मासिक रुपमा अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गरी र मूल्याङ्कन गरी गाउँ तथा नगर शिक्षा समिति मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १६. गाउँ शिक्षा समिति र नगर शिक्षा समितिको कामः

१. गाउँ शिक्षा समिति/नगर शिक्षा समितिले विद्यालय समायोजन वा गाभ्नेसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो गाउँ विकास समिति वा नगरपालिकाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय गाभ्ने सम्बन्धमा भेला गाउँ नगर भेला र जागरणसम्बन्धी कार्यक्रम सञ्चालन गरी प्राप्त भएका सुझावहरू स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

२. गाउँ शिक्षा समिति/नगर शिक्षा समितिले विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्नु पर्नेछ ।

३. गाउँ शिक्षा समिति/नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी ऐन, नियमावली तथा यस निर्देशिकामा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन वा गाभ्न लागि उत्प्रेरित गर्नु पर्नेछ ।

## परिच्छेद -५

## विविध

**१७. निर्देशिकामा संशोधन**: मन्त्रालयले सम्बन्धित निकायहरूको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्नेछ,।

**१८. बाझिएमा गर्ने**: यस निर्देशिकाको व्यबस्था ऐन तथा नियमावलीसँग बाझिएमा ऐन तथा नियमावलीको व्यबस्था बमोजिम नै हुनेछ ।

**१९. ब्याख्या**: यस निर्देशिकामा भएका व्यबस्थाको ब्याख्या मन्त्रालयबाट हुनेछ र मन्त्रालयबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।